# डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड
# भरतपुर, चितवनको
# बिसौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण
# (माईन्यूट)

१. **बैधानिक सभाः**

डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७८ आश्विन १ गते बसेको सञ्चालक समितिको ३००औं बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३, प्रचलित कानुन र वित्तीय संस्थाको नियमावली बमोजिम बोलाईएको यस वित्तीय संस्थाको बिसौं वार्षिक साधारण सभा सञ्चालक समितिको अध्यक्ष श्री दिपक खनालको सभापतित्वमा सुसम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समयः**

सभाको मितिः २०७८ साल आश्विन २३ गते शनिवार (तदनुसार ९ अक्टोबर, २०२१)।

सभाको स्थानः चितवन गार्डेन रिर्सोट, भरतपुर चितवन ।

समयः विहान ११:०० बजे प्रारम्भ भई दिउँसो १२.४० बजे सम्पन्न भएको ।

३. **सभाको सूचनाः**

कम्पनी ऐन २०६३ को दफा ६७ तथा संस्थाको नियमावलीको नियम ४(३) बमोजिम साधारण सभा हुने मिति, समय, स्थान र छलफलको विषयहरू सहितको विवरण खुलाई कानुन बमोजिमको सूचना मिति २०७८ आश्विन २ गतेको “नागरिक” राष्ट्रिय दैनिक र मिति २०७८ आश्विन ८ गतेको “कारोबार” राष्ट्रिय दैनिकमा प्रकाशित गरी शेयरधनी महानुभावहरूलाई जानकारी गराईएको थियो । साथै, सञ्चालक समितिको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाहको विवरण, ईक्विटिमा भएको परिवर्तन सम्बन्धी विवरण तथा अन्य दस्तावेजहरू पुस्तिकाको रूपमा शेयरधनी महानुभावहरूको उपलब्ध व्यक्तिगत ठेगानामा यथासमयमा पठाईएको थियो ।

४. **उपस्थितिः**

४.१ कम्पनी ऐन २०६३ को दफा ६८ बमोजिम सभामा उपस्थित सञ्चालकहरूः

| क्र.सं. | सञ्चालकको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री दिपक खनाल | अध्यक्ष | लुम्बिनी विकास बैंक लिमिटेड |
| २ | डा. भृगुऋषि दुवाडी | सञ्चालक | सर्वसाधारण शेयरधनी |
| ३ | श्री रीता पौडेल | सञ्चालक | सर्वसाधारण शेयरधनी |
| ४ | श्री रमेशकुमार रघुवंशी | सञ्चालक | सर्वसाधारण शेयरधनी |
| ५ | श्री यज्ञप्रकाश न्यौपाने | सञ्चालक | कृषि विकास बैंक लिमिटेड |
| ६ | श्री गणेशकुमार के.सी. | सञ्चालक | विकास आयोजना सेवा केन्द्र |
| ७ | श्री श्यामकृष्ण दाहाल | सञ्चालक | स्वतन्त्र सञ्चालक |

४.२ संस्थागत प्रतिनिधिहरूको उपस्थितिः

| क्र.सं. | प्रतिनिधिको नाम | प्रतिनिधित्व |
|---|---|---|
| १ | श्री कैलाश रिजाल | विकास आयोजना सेवा केन्द्र |
| २. | श्री मनोजकुमार ज्ञवाली | नविल बैंक लिमिटेड |

| क्र.सं. | प्रतिनिधिको नाम | प्रतिनिधित्व |
|---|---|---|
| ३ | श्री सुरज कोईराला | लुम्विनी विकास बैंक लिमिटेड |
| ४ | श्री रमेश न्यौपाने | नेपाल बैंक लिमिटेड |
| ५ | श्री बासुप्रसाद उपाध्याय | वातावरण तथा कृषि नीति अनुसन्धान प्रचार एवं विकास केन्द्र |

४.२ अन्य पदाधिकारीहरूको उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री शेषरमण आचार्य | प्रमुख कार्यकारी अधिकृत | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. |
| २ | श्री हेमकुमार काफ्ले | का.मु. सहायक महाप्रबन्धक | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. |
| ३ | श्री पुष्पराज अधिकारी | का.मु. सहायक महाप्रबन्धक | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. |
| ४ | श्री हरिप्रसाद आचार्य | का.मु. सहायक महाप्रबन्धक | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. |
| ५ | श्री ज्ञानेन्द्रप्रसाद अर्याल | कम्पनी सचिव | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. |
| ६ | श्री महेन्द्रबहादुर श्रेष्ठ | निर्वाचन अधिकृत | |

४.३ शेयरधनीहरूको उपस्थिति:

४.३.१ संस्थापक शेयरधनी: ८ जना

४.३.२ साधारण शेयरधनी: १६४ जना

जम्मा उपस्थित संख्या: १७२ जना

४.४ अन्य आमन्त्रितहरूको उपस्थिति:

जम्मा उपस्थित संख्या: ४ जना

५. **<u>गणपुरक संख्या (कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम):</u>**

| बिवरण | कुल संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | २३,७०४ | १७२ | |
| जम्मा शेयर कित्ता | १,१५,६२,४८६/१०६९ | ७०,४०,५७५ | ६०.८९ प्रतिशत |

६. **<u>सभाको बैधानिकता र सभापतित्व:</u>**

६.१ साधारण सभा शुरू हुनुअघि कम्पनी सचिव श्री ज्ञानेन्द्रप्रसाद अर्यालले उपस्थित शेयरधनी महानुभावहरूलाई स्वागत गर्दै कम्पनी ऐन २०६३ तथा संस्थाको नियमावली बमोजिम सभा

बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या कुल शेयरधनीहरू मध्ये कम्तिमा ३ जना उपस्थित हुनुपर्ने प्रावधान बमोजिम वित्तीय संस्थाको बिसौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरूको संख्या १७२ जना भएको र कुल शेयरको ६०.८९ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभाको गणपुरक संख्या पुगेको र कम्पनी कानुन अनुसार साधारण सभा बैधानिक भएको सभालाई अवगत गराउनु भयो । नियमानुसार साधारण सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षज्यूबाट हुने ब्यवस्थाको जानकारी गराउँदै अध्यक्ष श्री दिपक खनाललाई बिसौं वार्षिक साधारण सभाको सभापतित्व ग्रहण गर्न अनुरोध गर्दै अन्य सञ्चालकहरूलाई आसन ग्रहण गर्न अनुरोध गर्नुभयो ।

६.२ अध्यक्षज्यूबाट साधारणसभाको सभापतित्व गर्नु भएपश्चात पानसमा वत्ती बाली बिसौं वार्षिक साधारण सभाको औपचारिक उद्घाटन गर्नु भयो ।

६.३ राष्ट्रिय गानबाट कार्यक्रम शुरू गर्न सम्पूर्ण शेयरधनीहरूलाई आ–आफ्नो स्थानमा उभिन कम्पनी सचिवले अनुरोध गर्नुभयो ।

६.४ यस वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री शेषरमण आचार्यले उपस्थित सबै शेयरधनीहरू तथा आमन्त्रित महानुभावहरूलाई स्वागत अभिवादन गर्नुभयो ।

७. <u>छलफलको विषयहरूः</u>

<u>(क) साधारण प्रस्तावहरू</u> :

१. यस वित्तीय संस्थाको अध्यक्षज्यूबाट प्रस्तुत हुने सञ्चालक समितिको बिसौं वार्षिक प्रतिवेदन (आ.व. २०७७/०७८) उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण सहित सम्बन्धित अनुसूचीहरू र नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम तयार गरिएको वार्षिक वित्तीय विवरणहरू उपर छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिको सिफारिस बमोजिम यस वित्तीय संस्थाको आ.व.२०७७/०७८ को मुनाफा र गत वर्ष सम्मको संचित मुनाफा रकम समेतबाट चुक्ता पुंजीको १.०५३ प्रतिशतले हुन आउने रकम रू.१,२१,७५,२९७/८७ (अक्षरेपी एक करोड एक्काईस लाख पचहत्तर हजार दुई सय सन्तानब्बे रूपैया सतासी पैसा मात्र) नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि मात्र) बितरण गर्न स्वीकृत गर्ने ।

४. आ.व. २०७८/०७९ को लेखापरीक्षणको लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक सुन्दर एण्ड कम्पनी, चार्टर्ड एकान्टेन्ट्स कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम पुनः नियुक्तिको लागि योग्य रहेको।)

५. यस वित्तीय संस्थाको समुह 'ख' साधारण शेयरधनीहरू मध्येबाट ३ जना सञ्चालकहरूको निर्वाचन गर्ने ।

<u>(ख) विशेष प्रस्तावहरूः</u>

१. सञ्चालक समितिको सिफारिस बमोजिम यस वित्तीय संस्थाको आ.व. २०७७/०७८ को मुनाफा र गत वर्ष सम्मको संचित मुनाफा रकम समेतबाट चुक्ता पुंजीको २० प्रतिशतले हुन आउने रकम रू.२३,१२,४९,७२२/१४ (अक्षरेपी तेईस करोड बाह्र लाख उनन्चास हजार सात सय बाईस रूपैया चौध पैसा मात्र) बराबरको बोनस शेयर बितरण गर्न स्वीकृत गर्ने । साथै, बोनस शेयर जारी गर्दा दशमलब पछिको शेयर (Faction Share) अंकलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने ।

२. वित्तीय संस्थाको जारी तथा चुक्ता पुंजी रू.१,१५,६२,४८,६१०/६९ रहेकोमा बोनस शेयर जारी पछि कायम हुने जारी पुंजी र चुक्ता पुंजी रू.१,३८,७४,९८,३३२/८३ (अक्षरेपी एक अर्व अठतिस् करोड चौहत्तर लाख अन्ठानब्बे हजार तीन सय बत्तीस रूपैया त्रियासी पैसा मात्र) पुर्‍याउन यस वित्तीय संस्थाको प्रबन्ध–पत्रको दफा (५) को (ख) र (ग) मा आवश्यक संशोधन गर्ने ।

३. सञ्चालकहरूको बैठक भत्ता र अन्य सुविधाहरूको बिषयमा छलफल गरी नियमावलीको नियम ३१ मा संशोधन गर्ने ।

४. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा प्रारम्भिक समझदारी (MOU)भई नेपाल राष्ट्र बैकबाट सैद्धान्तिक सहमति प्राप्त भए पश्चात नाडेपको शेयर संरचना र कर्मचारीको पद समायोजनको विषयमा असहमति भई दुबै संस्था बीचको प्राप्ति कार्य अगाडी बढाउन नसकिने भएकोले सोको लागि नेपाल राष्ट्र बैक समक्ष अनुरोध गरिएको हुँदा सो सम्बन्धमा हालसम्म भए गरेका सम्पूर्ण कार्यहरूको अनुमोदन गर्ने । साथै उक्त कार्यको लागि नियमनकारी निकायहरूको निर्देशन बमोजिम सम्पुर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

५. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड र अन्य ईजाजतपत्र प्राप्त “घ” वर्गका लघुवित्त वित्तीय संस्था (हरू) एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले अन्य वित्तीय संस्था(हरू)प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त लघुवित्त वित्तीय संस्था (हरू) को खोजी गर्न, उपयुक्त लागेको वित्तीय संस्थासँग मर्जर तथा प्राप्ति सम्बन्धी सहमति पत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मुल्यांकन (Due Diligence Audit) गर्ने मुल्यांकनकर्ता लेखापरीक्षक नियुक्त गर्न, निजको पारिश्रमिक तोक्न र निजबाट वित्तीय संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मुल्यांकन गराउने तथा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा नियमनकारी निकायहरूसँग सहमति लिने, गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रक्रिया अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६. उल्लेखित विशेष प्रस्ताव उपर नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरूप प्रचलित कानुनको अधिनमा रही यस वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन/परिमार्जन गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

**(ग) विविध :**

## ८. सभा सञ्चालन र बिसौं वार्षिक प्रतिवेदनको प्रस्तुतिः

८.१ अध्यक्ष एवं सभाका सभापति श्री दिपक खनालले सञ्चालक समितिको वार्षिक प्रतिवेदन संक्षेपमा वाचन गर्नु भयो । साथै, चालु आ.व.को भाद्र मसान्त सम्मको प्रगतिको संक्षिप्त बिवरण सभामा प्रस्तुत गर्नु भयो ।

८.२ तत्पश्चात् सभापतिज्यूले सभा समक्ष वित्तीय संस्थाको २०७८ आषाढ ३१ गतेको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०७७/०७८ को नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण, स्वामित्व कोषमा भएको परिवर्तन, प्रमुख लेखा नीति, लेखा सम्बन्धी टिप्पणीहरू र नेपाल वित्तीय विवरण प्रतिवेदनमान (NFRS) बमोजिम तयार पारिएको मिति २०७८ आषाढ ३१ को वित्तीय विवरणहरू छलफलको लागि सभा समक्ष प्रस्तुत गर्नु भयो ।

## ९. छलफलको लागि आव्हान तथा छलफलमा सहभागी शेयरधनी महानुभावहरूः

९.१ संस्थाको आ.व.२०७७/०७८ को वार्षिक प्रतिवेदन, २०७८ आषाढ मसान्तको वासलात, आ.व. २०७७/०७८ को नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड तथा नगद प्रवाह बिवरण स्वामित्व कोषमा भएको परिवर्तन, प्रमुख लेखा नीति, लेखा सम्बन्धी टिप्पणी र नेपाल

वित्तीय विवरण प्रतिवेदनमान (NFRS) बमोजिम तयार पारिएको मिति २०७८ आषाढ ३१ को वित्तीय विवरणहरू उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनी महानुभावहरू समक्ष अनुरोध गर्नुभए पश्चात् देहायका शेयरधनी महानुभावहरू प्रत्यक्ष रूपले छलफलमा सहभागी भई देहाय अनुसारका जिज्ञाशाहरू र सुझावहरू ब्यक्त गर्नु भयोः–

१. श्री बविता श्रेष्ठ

२. श्री कैलाश रिजाल

**छलफलमा सहभागी शेयरधनी महानुभावहरूको आ–आफ्नो विचार प्रस्तुतिकरणः**

**१. श्री वविता श्रेष्ठ**

- समयमा साधारण सभा सम्पन्न गरेकोमा सञ्चालक तथा ब्यवस्थापनलाई बधाई ।
- कोरोना भाईरस (Covid 19) विषम परिस्थितीमा २० प्रतिशत बोनस शेयर र १.०५३ प्रतिशत नगद लाभांश समेत २१.०५३ प्रतिशत लाभांश वितरण गरेकोमा सञ्चालकहरूलाई धन्यवाद ।
- संस्थाले ग्राहक संरक्षण कार्यक्रम अन्तर्गत दशरथचन्द, बैतडी शाखाको सदस्यलाई सुत्केरी खर्च र मेलम्ची, सिन्धुपाल्चोकका बाढी पिडितहरूलाई राहत वितरण गरी एकदमै राम्रो गरेकोमा अत्यन्तै खुशी लागेको उदगार ब्यक्त ।
- कर्मचारी कल्याणकारी कोषमा रकम छुट्याएर कर्मचारीलाई उत्प्रेरित गरेको छ ।
- नाडेप लघुवित्त वित्तीय संस्थालाई प्राप्ति (Acquisition) गरे पश्चात लाभांशको अवस्था के हुन्छ जानकारी पाउन अनुरोध ।

**२. श्री कैलाश रिजाल**

- संस्थाको यस गरिमामय सभामा आफ्ना भनाईहरू राख्न दिनु भएकोमा सञ्चालक समितिलाई धन्यवाद ।
- वार्षिक प्रतिवेदनमा उल्लेख गरिएका १० वर्षको तथ्यांकहरू संस्थाले गरेको प्रगति राम्रो रहेको ।
- कर्जा र बचतको अनुपात बढदै गएको । लगानीमा रहेको कर्जाको औषत रकम (Average Loan outstanding) अन्य प्रतिस्र्धी संस्थाको तुलनामा कम रहेकोले हामी जोखिम कम हुनु एक दम राम्रो पक्ष भएको विचार ब्यक्त ।
- सक्रिय र निष्कृय सदस्यको बारेमा वार्षिक प्रतिवेदनमा उल्लेख नभएको ।
- Member Droup-out को बिषयमा case study गर्न आवश्यक रहेको ।
- संस्थाको Borrower Fund को Ratio बिगत बर्षको तुलनामा कम भएको र आन्तरिक श्रोत बढ्दै गएको पाईयो ।
- लघुवित्त क्षेत्रमा कर्मचारी रिटेन्सनको चुनौती रहेको छ । कर्मचारी रिटेन्सनको लागि कर्मचारीलाई उत्प्रेरित तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्नुपर्ने भएकोले कर्मचारीहरूको क्षमता अभिवृद्धिमा खर्च गर्न आवश्यक रहेको ।
- संस्था Tablet बैकिङ्गमा आगाडी बढेको राम्रो पक्ष ।
- आजको समय प्रविधिमैत्री भई paper less उन्मुख भएकोले Digital Service लाई बढावा दिनुपर्ने ।
- कर्मचारी खर्च घटेको तर सञ्चालन खर्च बृद्धि भएको ।
- संस्थाको आफनै भवनमा वार्षिक साधारण सभा भएको हेर्ने रहर भएको ।
- समीक्षा आ.व.मा १ वटा मात्र शाखा थप भएको, केन्द्र बढेको तर समुह घटेको पाईयो ।
- संस्थाको मुनाफा बढेको तर कसरी बढेको हो आफुले बुझ्न चाहेको ।

- संस्थाको साख नबिग्रने गरी दुवै संस्थाको हितमा हुने गरी प्राप्ति (Acquisition) कार्य गर्न अनुरोध ।

१०. **<u>सभामा शेयरधनी महानुभावहरूले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरूको प्रत्युत्तरः</u>**

शेयरधनी महानुभावहरूले सभामा दिनु भएको सुझावहरू प्रति आभार ब्यक्त गर्दै प्रकट भएका जिज्ञासा तथा प्रश्नहरू उपर अध्यक्षले सामूहिक रूपमा देहाय बमोजिम प्रत्युत्तर दिनुभयोः–

- कोरोना भाईरस (Covid 19) को विषम परिस्थितिमा पनि २० प्रतिशत बोनस शेयर र १.०५३ प्रतिशत नगद लाभांश दिन संस्था सफल भएको छ भनी स्वयम शेयरधनीहरूको तर्फबाट सन्तोष व्यक्त गरिनु र कार्यक्रमको प्रगतिको प्रशंसा शेयरधनीहरूबाट हुनुले सञ्चालक समिति गौरवान्वित हुनुको साथै हौसला र प्रेरणा मिलेको छ ।
- मर्जर तथा प्राप्ति पछि पनि संस्था राम्रो प्रतिफल अर्थात लाभांश दिन सक्ने स्थितिमा रहेको छ ।
- संस्थाको आफ्नै कार्यालय भवनको लागि बजेटको व्यवस्था गरिएको र उपयुक्त स्थलको खोजी भई रहेको छ ।
- यस वर्ष कर्जा लगानीको बीमा प्रिमियममा र ऋणीहरूलाई ब्याज छुटमा रू.५ करोड २३ लाख बढी खर्च भएको कारणले सञ्चालन खर्च बढन गएको हो ।
- संस्थाले कार्यान्वियनमा ल्याएको संयुक्त दायित्व पद्धति र उच्च पहाडी पद्धति अन्तर्गत गठन भएका केन्द्रमा एउटै समुह हुने र कतिपय केन्द्रमा सदस्यहरू हटेका कारणले समुह नै हटेकोले समुह घट्न गएको हो ।
- SMS Alert/ Mobile Banking/Tablet Banking को कार्यक्रम शुरूवात गरी सकिएको छ ।
- आ.व. २०७८/०७९ को बजेट तथा कार्यक्रममा Digital Banking लाई प्राथमिकतामा राखिएको छ ।
- निष्कृय सदस्यहरूलाई क्रमशः हटाईदै छ र निष्कृय सदस्यहरूको बारेमा आगामी प्रतिवेदनमा उल्लेख गरिने छ ।
- Member Droup-out को बिषयमा अध्ययन र अनुसन्धान गर्न वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गरी सकिएको छं ।
- यस आ.व. मा ट्रेजरी ब्यवस्थापन र खराव कर्जा ब्यवस्थापन गरेर मुनाफामा वृद्धी भएको हो ।

११. **<u>सभाको निर्णयः</u>** साधारण सभामा प्रस्तुत बिषयहरू उपर बिस्तृत छलफल एवं अध्यक्षज्यूबाट प्रत्युत्तर पश्चात निम्न बमोजिम निर्णय परित भयो ।

(क) **<u>साधारण प्रस्ताव तर्फः</u>**

१. वित्तीय संस्थाको बिसौं वार्षिक प्रतिवेदन (आ.व. २०७७/०७८) अध्यक्षज्यूले पारित गर्नका लागि प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण सहित सम्बन्धित अनुसूचीहरू र नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard-NFRS) बमोजिम तयार गरिएको वार्षिक वित्तीय विवरणहरू पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाबाट सर्वसम्मतिले पारित गऱ्यो ।

३. सञ्चालक समितिको सिफारिस बमोजिम यस वित्तीय संस्थाको आ.व.२०७७/०७८ को मुनाफा र गत वर्ष सम्मको संचित मुनाफा रकम समेतबाट चुक्ता पुंजीको १.०५३ प्रतिशतले हुन आउने रकम रू.१,२१,७५,२९७/८७ (अक्षरेपी एक करोड एक्काईस लाख पचहत्तर हजार दुई सय सन्तानब्बे रूपैया सतासी पैसा मात्र) नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि मात्र) बितरण गर्न स्वीकृतिको लागि अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिले पारित गऱ्यो ।

४. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७८/०७९ को लागि लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा लेखापरीक्षण समितिको सिफारिस बमोजिम सुन्दर एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टसलाई सर्वसम्मतिबाट लेखापरीक्षकमा नियुक्त गर्ने निर्णय गऱ्यो । बैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, दफा ७८ र लङ्गफर्म अडिट रिर्पोट आदि समेत तयार गरे वापत सुन्दर एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टसलाई भ्याट सहित रू. ३,३९,०००/०० (अक्षरेपी तीन लाख उनान्चालिस हजार मात्र) पारिश्रमिक उपलब्ध गराउने निर्णय सर्वसम्मतिले पारित गऱ्यो ।

५. वित्तीय संस्थाको समुह "ख" साधारण शेयरधनीहरू तर्फबाट आगामी ४ वर्षे कार्यकालका लागि ३ जना सञ्चालकहरूको निर्वाचन गर्ने कार्यक्रम रहेकोमा श्री रमेशकुमार रघुवंशी श्री रीता पौडेल र श्री बासुप्रसाद उपाध्याय निर्विरोध निर्वाचित भएको निर्वाचन अधिकृत श्री महेन्द्र बहादुर श्रेष्ठले जानकारी दिनु भयो तथा सभाबाट सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो । निर्वाचित सबै सञ्चालकहरूलाई हार्दिक स्वागत गर्दै उहाँहरूको कार्यकालको सफलताको कामना गरियो ।

साथै, यस अघि सर्वसाधारण समुहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गरिरहनु भएका सञ्चालक डा. भृगुऋषि दुवाडीले यस वित्तीय संस्थालाई पुऱ्याउनु भएको योगदान प्रति धन्यवाद दिदै हार्दिक आभार ब्यक्त गरियो ।

(ख) <u>बिशेष प्रस्ताव तर्फः</u>

१. सञ्चालक समितिको सिफारिस बमोजिम यस वित्तीय संस्थाको आ.व. २०७७/०७८ को मुनाफा र गत वर्ष सम्मको संचित मुनाफा रकम समेतबाट चुक्ता पुंजीको २० प्रतिशतले हुन आउने रकम रू.२३,१२,४९,७२२/१४ (अक्षरेपी तेईस करोड बाह्र लाख उनन्चास हजार सात सय बाईस रूपैया चौध पैसा मात्र) बराबरको बोनस शेयर बितरण गर्न स्वीकृत गर्ने । साथै, बोनस शेयर जारी गर्दा दशमलब पछिको शेयर (Faction Share) अंकलाई पछि समायोजन गर्ने गरी यथावत राख्न स्वीकृतिको लागि अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिले स्वीकृत गऱ्यो ।

२. वित्तीय संस्थाको जारी तथा चुक्ता पुंजी रू.१,१५,६२,४८,६१०/६९ रहेकोमा बोनस शेयर जारी पछि कायम हुने जारी पुंजी र चुक्ता पुंजी रू.१,३८,७४,९८,३३२/८३ (अक्षरेपी एक अर्व अठतिस् करोड चौहत्तर लाख अन्ठानब्बे हजार तीन सय बत्तीस रूपैया त्रियासी पैसा मात्र) पुऱ्याउन यस वित्तीय संस्थाको प्रबन्ध–पत्रको दफा (५) को (ख) र (ग) मा आवश्यक संशोधन गर्न स्वीकृतिको लागि अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा निम्न बमोजिम प्रबन्धपत्रमा आवश्यक संशोधन गर्न सभाले सर्वसम्मतिबाट स्वीकृत गऱ्यो ।

| दफा उपदफा | हाल भएको ब्यवस्था | संशोधित ब्यवस्था |
|---|---|---|
| ५ | वित्तीय संस्थाको पुंजीको संरचनाः | वित्तीय संस्थाको पुंजीको संरचनाः |
| ५(ख) | वित्तीय संस्थाको जारी पुंजी रू. १,१५,६२,४८,६१०/६९ (अक्षरेपि एक अर्ब पन्ध्र करोड बैसठ्ठी लाख अठचालिस हजार छ सय दश र पैसा उनानसत्तरी मात्र) हुनेछ । सो पुंजी लाई प्रति शेयर रू. १००/– का दरका १,१५,६२,४८६.११(एक करोड पन्ध्र लाख बैसठ्ठी हजार चार सय छयासी दशमलव एक एक) थान साधारण शेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्थाको जारी पुंजी रू. १,३८,७४,९८,३३२/८३ (अक्षरेपि एक अर्ब अठतिस करोड चौहत्तर लाख अन्ठानब्बे हजार तीन सय बत्तिस र पैसा त्रियासी मात्र) हुनेछ । सो पुंजी लाई प्रति शेयर रू. १००/– का दरका १,३८,७४,९८३.३३ (एक करोड अठतिस लाख चौहत्तर हजार नौ सय त्रियासी दशमलव तीन तीन) थान साधारण शेयरमा विभाजन गरिएको छ । |

| दफा उपदफा | हाल भएको ब्यवस्था | संशोधित ब्यवस्था |
|---|---|---|
| ५(ग) | वित्तीय संस्थाको चुक्ता पुंजी रू. १,१५,६२,४८,६१०/६९ (अक्षरेपि एक अर्ब पन्ध्र करोड बैसठ्ठी लाख अठचालिस हजार छ सय दश र पैसा उनानसत्तरी मात्र) हुनेछ । | वित्तीय संस्थाको चुक्ता पुंजी रू. १,३८,७४,९८,३३२/८३ (अक्षरेपि एक अर्ब अठतिस करोड चौहत्तर लाख अन्ठानब्बे हजार तीन सय बत्तिस र पैसा त्रियासी मात्र) हुनेछ । |

३. सञ्चालकहरूको बैठक भत्ता र अन्य सुविधाहरूको समय सापेक्ष वृद्धि गर्नु परेकोले यस वित्तीय संस्थाको नियमावलीको नियम ३१ को दफा (१) (ख) र दफा (१) (घ) (इ) मा संशोधनको लागि अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा निम्न बमोजिम नियमावलीमा संशोधन गर्न सभाले सर्वसम्मतिबाट स्वीकृत गऱ्यो ।

| दफा उपदफा | हाल भएको ब्यवस्था | संशोधित ब्यवस्था |
|---|---|---|
| ३१ | सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी ब्यवस्था | सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी ब्यवस्था |
| १ (ख) | सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य सञ्चालकले पाउने बैठक भत्ता प्रति बैठक रू.६,०००/०० हुनेछ । | सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य सञ्चालकले पाउने बैठक भत्ता प्रति बैठक रू. ८,०००/०० हुनेछ । |
| (१)(घ) (इ) | नभएको । | सञ्चालकहरूलाई एक थान ल्यापटप उपलब्ध गराईनेछ । |

४. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा प्रारम्भिक समझदारी (MOU)भई नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति प्राप्त भए पश्चात नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर संरचना र कर्मचारीको पद समायोजनको विषयमा असहमति भई दुबै संस्था बीचको प्राप्ति कार्य अगाडी बढाउन नसकिने भएकोले सोको लागि नेपाल राष्ट्र बैंक समक्ष अनुरोध गरिएको हुंदा सो सम्बन्धमा हालसम्म भए गरेका सम्पूर्ण कार्यहरूको अनुमोदन गर्न प्राप्ति (Acquisition) कार्यको लागि नियमनकारी निकायहरूको निर्देशन बमोजिम सम्पुर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न अध्यक्षज्यूले साधारण सभा समक्ष पेश गर्नु भएकोमा सर्वसम्मतिले पारित गऱ्यो ।

५. यस डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड र अन्य ईजाजतपत्र प्राप्त “घ”वर्गका लघुवित्त वित्तीय संस्था (हरू) एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले अन्य वित्तीय संस्था (हरू) प्राप्ति गर्ने ( Acquisition) सम्बन्धमा उपयुक्त लघुवित्त वित्तीय संस्था (हरू) को खोजी गर्न, उपयुक्त लागेको वित्तीय संस्थासँग मर्जर तथा प्राप्ति सम्बन्धी सहमतीपत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पुर्ण चल अचल सम्पत्ती तथा दायित्व मुल्यांकन (Due Diligence Audit) गर्ने मुल्यांकनकर्ता लेखापरीक्षक नियुक्त गर्न, निजको पारिश्रमिक तोक्न र निजबाट वित्तीय संस्थाको सम्पुर्ण चल अचल सम्पत्ती तथा दायित्व मुल्यांकन गराउने तथा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा नियमनकारी निकायहरूसँग सहमती लिने, गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पुर्ण प्रक्रिया अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने

वा प्राप्ति गर्ने सम्बन्धी सम्पुर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न अध्यक्षज्यूले सभा समक्ष विशेष प्रस्ताव गर्नु भएकोमा उल्लेखित कार्यहरू गर्नको लागि सर्वसम्मतिले सञ्चालक समितिलाई अख्तियार प्रत्यायोजन गर्ने निर्णय पारित गरियो ।

६. उल्लेखित विशेष प्रस्तावहरू तथा सोबाट पर्न जाने असर र नियमनकारी निकायको निर्देशन तथा प्रचलित कानुनको अधिनमा रही प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक थपघट गर्न सञ्चालक समितिलाई अख्तियार प्रत्यायोजन गर्न अध्यक्षज्यूले सभा समक्ष विशेष प्रस्ताव गर्नु भएकोमा प्रचलित कानुनको अधिनमा रही प्रस्ताव बमोजिम आवश्यक संशोधन/परिमार्जन गर्न सर्वसम्मतिले सञ्चालक समितिलाई अख्तियार प्रत्यायोजन गर्ने निर्णय पारित गर्‍यो ।

(ग) **<u>बिविधः</u>** विषय सूची अन्तर्गत कुनै विषय नहुँदा छलफल तथा निर्णय गर्न परेन ।

१२. **<u>धन्यवाद ज्ञापनः</u>**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरूले छलफलमा सक्रिय रूपमा सहभागी भई महत्वपुर्ण सुझाव तथा मार्गदर्शन प्रदान गर्नु भएकोमा आभार ब्यक्त गर्दै आफ्नो अमूल्य समय दिई बिसौं वार्षिक साधारण सभा सफलता पूर्वक सञ्चालन एवं सम्पन्न गर्न सहयोग गर्नु भएकोमा सम्पूर्ण शेयरधनीहरू तथा सम्बन्धित सवैलाई धन्यबाद ज्ञापन गर्नु भयो ।

१३. **<u>सभा विसर्जनः</u>**

अन्तमा, छलफल गर्न बाँकी विषय नभएको हुँदा अध्यक्षज्यूले साधारण सभा सफलता पूर्वक सम्पन्न भएको घोषणा सहित दिउँसो १२:४० बजे साधारण सभा बिसर्जन गर्नुभयो ।

| | | |
|---|---|---|
| ............................ | ............................ | ............................ |
| (ज्ञानेन्द्रप्रसाद अर्याल)<br>कम्पनी सचिव | (रमेशकुमार रघुवंशी)<br>सञ्चालक<br>प्रतिनिधि, सर्वसाधारण | (दिपक खनाल)<br>अध्यक्ष |

मितिः २०७८ आश्विन २३ गते शनिवार दिउँसो १२:४० बजे ।